म्याग्दे गाउँपालिका
Myagde Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
छाङ्ग, तनहुँ
Chhang, Tanahun
२०७३ (2073)
गण्डकी प्रदेश, नेपाल
Gandaki Province, Nepal

प.सं. (Ref.No.):- २०८१/०८२
च.नं. (Dis.No.):-

मिति (Date):- २०८१/१२/२७

विषयः आधारभुत तह (कक्षा आठ) उत्तीर्ण परीक्षा -२०८१ को नतिजा प्रकाशन सम्बन्धमा।

श्री कक्षा आठ सञ्चालित सम्पूर्ण विद्यालयहरु,
म्याग्दे गाउँपालिका, तनहुँ ।

प्रस्तुत विषयमा आधारभुत तह उत्तीर्ण परीक्षा समितिको मिति २०८१/१२/२७ गतेको निर्णयानुसार यस म्याग्दे गाउँपालिका स्थित सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयहरुको यही मिति २०८१/१२/०७ देखि ऐ. १४ गते सम्म सञ्चालन भएको आधारभुत तह (कक्षा आठ) उत्तीर्ण परीक्षा-२०८१ को नतिजा तपसिल बमोजिम प्रकाशन गरिएको व्यहोरा सम्बन्धित सबैमा अनुरोध छ।

नारायण प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

तपसिल:

म्याग्दे गाउँपालिका स्तरीय आधारभुत तह उत्तीर्ण परीक्षा-२०८१ को समष्टिगत उत्तीर्ण विद्यार्थी विवरण:

| क्र.सं. | विद्यालयको नाम | परीक्षामा सम्मिलित विद्यार्थी संख्या | उत्तीर्ण विद्यार्थी संख्या | उत्तीर्ण प्रतिशत (%) |
|---|---|---|---|---|
| १. | श्री मिन मा.वि. | ७५ | ५७ | ७६.० |
| २. | श्री राधा मा.वि. | ७० | ४४ | ६६.८ |
| ३. | श्री महेन्द्र मा.वि. | ३० | १९ | ६३.३ |
| ४. | श्री जनगणपति मा.वि. | ३० | १४ | ४६.६ |
| ५. | श्री रत्न मा.वि. | ६ | ३ | ५०.० |
| ६. | श्री गणेश मा.वि. | ३ | २ | ६६.६ |
| ७. | श्री आदर्श ईङ्लिस स्कुल | ३३ | ३२ | ९६.६ |
| ८. | श्री मेघदह ई. बोर्डिङ स्कुल | २० | २० | १०० |
| ९. | श्री न्यु भिजन पब्लिक एकेडेमी. | ७ | ७ | १०० |
| १०. | श्री अकला आ.वि. | ६ | ५ | ८३.३ |
| ११. | श्री प्रभा आ.वि. | ६ | ५ | ८३.३ |
| १२. | श्री पसले आ.वि. | ९ | ९ | १०० |
| १३. | श्री विजय आ.वि. | ५ | ५ | १०० |
| | | ३०० | २२२ | ७४.० |

"आत्मनिर्भर म्याग्देको आधारः मानव विकास कृषि, पर्यटन र पूर्वाधार"

**Website:** www.myagdemun.gov.np **Phone No.:** 065-400108, **E-mail:**myagderumun@gmail.com

म्याग्दे गाउँपालिका
Myagde Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
छाङ्ग, तनहुँ
Chhang, Tanahun
२०७३ (2073)
गण्डकी प्रदेश, नेपाल
Gandaki Province, Nepal

प.सं. (Ref.No.):- २०८१/०८२
च.नं. (Dis.No.):-

मिति (Date):- २०८१/१२/२७

**विद्यालयले गर्नुपर्ने कार्यहरु:**

१. सबै विद्यालयको २०८१ सालमा कक्षा ८ को परीक्षामा सामेल भएका विद्यार्थीहरुको नाम नामेसी सहितको ग्रेड लेजरको प्रमाणित प्रति सम्बन्धित विद्यालयलाई उपलब्ध गराइएको छ । विद्यालयले सोही बमोजिम सबै विषयको परीक्षामा न्युनतम D ग्रेड प्राप्त गरेका विद्यार्थीहरु कक्षा ९ मा भर्ना हुन योग्य नहुने भएकाले सोही बमोजिम नतीजा प्रकाशन गर्ने । (कुनै पनि विषयमा NG भएर Final GPA 0.00 भएका विद्यार्थी कक्षा ९ मा भर्ना हुन अयोग्य हुनेछन् ।)

२. प्राप्त नतीजामा कुनै विद्यार्थीलाई चित्त नबुझी पुनर्योग गर्न चाहेमा सम्बन्धित विद्यालयमा प्रति विषय रु. २००/- (रु. दुई सय ) का दरले हुन आउने रकम सहित यही मिति २०८२/०१/०३ गतेभित्र निवेदन दिन सक्नेछन् ।

३. विद्यालयले प्राप्त निवेदनहरुलाई मिति २०८२/०१/०४ गतेसम्म शिक्षा, युवा तथा खेलकुद शाखामा कार्यालय समयमा पेश गर्नुपर्नेछ ।

४. ग्रेड लेजर र ग्रेडसिटमा आउने विद्यार्थीको व्यक्तिगत विवरणका सम्बन्धमा विद्यालय आफैं जिम्मेवार हुने भएकाले विद्यार्थीको वास्तविक विवरण (जन्मदर्तामा भएको विवरण) भन्दा फरक परेको भएमा मिति २०८२/०१/०५ गतेसम्म तपसिलको प्रक्रिया बमोजिम सच्याउनुपर्नेछ ।

**प्रक्रिया:** शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुरको EMIS Portal को वेबसाइट emis.cehrd.gov.np – User Name (९ अंकको विद्यालय कोड) – Password- Log in- Student Record- Student Information- Year -2081-Class 8- Load-Action- Edit (विद्यार्थीको नाम, थर, जन्ममिति, बाबु आमाको नाम थर आदि विवरण सच्याउनु परेमा) – Update गर्ने ।

५. सबै विद्यार्थीको विवरण अपडेट भइसकेपछि रुजु गरी सबै विवरण दुरुस्त भएको यकिन गरी ग्रेडसिटका लागि कार्यालयमा जानकारी गर्नुपर्नेछ ।

६. ग्रेड लेजर सिट तथा ग्रेड सिटको लागि शिक्षा, युवा तथा खेलकुद शाखामा गाउँपालिकाको कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

७. नतीजा सम्बन्धित विद्यालय मार्फत विद्यार्थी/ अभिभावकलाई उपलब्ध गराउनु हुन अनुरोध छ।

८. सावै विषयमा NG प्राप्त गरेका विद्याथीहरु ग्रेड वृद्धि परीक्षामा सहभागी हुन सक्नेछन्।

९. ग्रेडवृद्धि परीक्षाको सूचना पछि प्रकाशन गरिनेछ।

नारायण प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

"आत्मनिर्भर म्याग्देको आधार: मानव विकास कृषि, पर्यटन र पूर्वाधार"

**Website:** www.myagdemun.gov.np **Phone No.:** 065-400108, **E-mail:**myagderumun@gmail.com